नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# जलस्रोत तथा सिंचाइ विभाग

**नेपाल-भारत डुबान तथा बाढी व्यवस्थापन सम्बन्धी संयुक्त समिति (JCIFM) को १५औं बैठक सम्बन्धी**

## प्रेस विज्ञप्ति

नेपाल-भारत डुबान तथा बाढी व्यवस्थापन सम्बन्धी संयुक्त समिति (JCIFM) को १५औं बैठक नेपाल सरकारको जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक डा. महेश्वर श्रेष्ठ तथा भारत सरकारको गङ्गा बाढी नियन्त्रण आयोगका सदस्य श्री सन्दीप कुमार राजनको सह-अध्यक्षतामा मिति २०८३ साउन १७-२२ (तदनुसार २०२६ अगस्ट ०२-०७ ) सम्म नेपालमा सम्पन्न भयो।

नेपाली टोलीमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, जल तथा ऊर्जा आयोगको सचिवालय, जल तथा मौसम विज्ञान विभागका प्रतिनिधिहरु र भारतको तर्फबाट भारतको जल संशाधन मन्त्रालय, विदेश मन्त्रालय, भारतीय राजदूतावास, भारतीय केन्द्रीय जल आयोग, गंगा बाढी नियन्त्रण आयोग, उत्तराखण्ड तथा बिहार सरकारका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

उक्त समितिबाट नेपाल-भारत सीमा क्षेत्रका विभिन्न स्थानहरूको स्थलगत अवलोकन गरी बाढी, कटान तथा डुबानसम्बन्धी समस्याहरूको अवस्थाबारे अध्ययन गरियो। मिति २०८३ साउन १७-२० (तदनुसार २०२६ अगस्ट ०२-०५) सम्म भएको स्थलगत अवलोकन पश्चात् समितिको मुख्य बैठक मिति २०८३ साउन २१-२२ (तदनुसार २०२६ अगस्ट ०६-०७) मा काठमाडौंमा सम्पन्न भयो।

बैठकमा नेपाल-भारत सीमावर्ती क्षेत्रमा हुने बाढी र डुबानको व्यवस्थापन, जल तथा मौसम तथ्याङ्क साझेदारी तथा बाढी पूर्वानुमान सम्बन्धी समन्वय, खाँडो, पश्चिम राप्ती र वाणगंगा नदीहरूमा भारतीय सहयोगमा गरिने तटबन्ध कार्यहरूमा सकारात्मक छलफल भयो ।

**काठमाडौं**
**२०८३ साउन २२**